# प्रदेश लोक सेवा आयोग

## मधेश प्रदेश, जनकपुरधाम, नेपाल

### प्रदेश निजामती सेवाका सहायक चौथो तह (अप्राविधिक) पदको बढुवाको सूचना

सूचना नं. ८४/०८२-८३ प्रकाशन मितिः २०८२/०९/२४

बढुवाबाट पूर्ति गर्नुपर्ने देहायका पदहरुका लागि प्रदेश निजामती सेवा ऐन, २०७७ बमोजिम प्रदेश निजामती सेवाका सम्भाव्य उम्मेदवारहरुले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई दरखास्त दिनुहुन सूचना गरिन्छ। दरखास्त फाराम प्रदेश लोक सेवा आयोग, मधेश प्रदेशको वेबसाइट ppsc.madhesh.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एकप्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेशगर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाई सक्नु पर्नेछ। म्याद नाघी प्राप्त हुने दरखास्त उपर कुनै कारबाही गरिने छैन। यसरी पर्न आएका दरखास्त फारामहरुलाई आयोगको कार्यालयले प्राप्त हुन आएको बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गर्नेछ।

**उम्मेदवारहरुले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरुः**

(क) प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ३० बमोजिम बढुवाका लागि न्यूनतम योग्यता भएको र दफा ३१ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनु पर्नेछ।
(ख) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफुले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।
(ग) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।
(घ) दरखास्तसाथ सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा एक महिना वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।
(ङ) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ।
(च) दरखास्त दस्तुर सहायक चौथो तहको लागि रु.३००/- (तीन सय) बुझाउनु पर्नेछ।
(छ) दरखास्त दस्तुर बुझाउने विधि र स्थानः प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधामको कार्यालय कोडः २१००११७०१२ तथा राजश्व शीर्षक नं.: १४२२४ (परीक्षा शुल्क) राखी राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, खाता नं.: १०००१००२०००१०००० वा नेपाल बैंक लिमिटेड, खाता नं.: २७१०२००००१००१००००१ मध्ये आफुलाई पायक पर्ने कुनै एक बैंकमा उम्मेदवारले आफ्नो नामबाट दरखास्त दस्तुर बुझाएको सक्कल बैंक भौचर प्रति संलग्न गरी दरखास्त पेश गर्नु पर्नेछ।
(ज) दरखास्त दिने अन्तिम मितिः २०८२/१०/१४ र दोब्बर दस्तुर तिरी २०८२/१०/२१ सम्म

**सहायक चौथो तह (अप्राविधिक पद)**

| क्र.सं. | बढुवा सूचना नं. | सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| १ | ११७/२०८२-८३ | प्रशासन, सामान्य प्रशासन | १(एक) |
| २ | ११८/२०८२-८३ | प्रशासन, लेखा | १(एक) |

### प्रदेश निजामती सेवाका सहायक चौथो तह (अप्राविधिक/प्राविधिक) पदको खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

सूचना नं.: ८५/०८२-८३ प्रकाशन मितिः २०८२/०९/२४

प्रदेश निजामती सेवाका सहायक चौथो तहमा निम्न सेवा, समूह, उपसमूहका रिक्त पदहरुको खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ । तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको अनलाइन दरखास्त प्रणाली ppsconline.p2.gov.np मार्फत आवेदन दिनुपर्नेछ ।

**सहायक चौथो तह (अप्राविधिक/प्राविधिक):**

| क्र.सं. | विज्ञापन नम्बर | सेवा, समूह, उपसमूह | खुला र समावेशी | पुनः विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|---|
| **अ) अप्राविधिक सहायक चौथो तह** | | | | | | |
| १ | ११९/२०८२-८३ | प्रशासन, सामान्य प्रशासन | खुला | | ७ | ७(सात) |
| | | प्रशासन, लेखा | | | ६ | ६(छ) |
| | | **जम्मा** | | | **१३** | **१३(तेह्र)** |
| २ | १२०/२०८२-८३ | प्रशासन, सामान्य प्रशासन | मधेशी महिला | | २ | २(दुई) |
| | | प्रशासन, लेखा | | | २ | २(दुई) |
| | | **जम्मा** | | | **४** | **४(चार)** |
| ३ | १२१/२०८२-८३ | प्रशासन, सामान्य प्रशासन | मधेशी | | २ | २(दुई) |
| | | प्रशासन, लेखा | | | १ | १(एक) |
| | | **जम्मा** | | | **३** | **३(तीन)** |
| ४ | १२२/२०८२-८३ | प्रशासन, सामान्य प्रशासन | दलित महिला | १ | | १(एक) |
| | | प्रशासन, लेखा | | १ | | १(एक) |
| | | **जम्मा** | | **२** | | **२(दुई)** |
| ५ | १२३/२०८२-८३ | प्रशासन, लेखा | दलित | | १ | १(एक) |
| ६ | १२४/२०८२-८३ | प्रशासन, सामान्य प्रशासन | मुस्लिम महिला | २ | | २(दुई) |
| | | प्रशासन, लेखा | | १ | | १(एक) |
| | | **जम्मा** | | **३** | | **३(तीन)** |
| ७ | १२५/२०८२-८३ | प्रशासन, सामान्य प्रशासन | मुस्लिम | | १ | १(एक) |
| ८ | १२६/२०८२-८३ | प्रशासन, लेखा | आज महिला | | १ | १(एक) |
| ९ | १२७/२०८२-८३ | प्रशासन, लेखा | थारु महिला | | १ | १(एक) |
| १० | १२८/२०८२-८३ | प्रशासन, सामान्य प्रशासन | थारु | | १ | १(एक) |
| ११ | १२९/२०८२-८३ | प्रशासन, सामान्य प्रशासन | अपाङ्ग महिला | १ | | १(एक) |
| **आ) प्राविधिक सहायक चौथो तह** | | | | | | |
| १ | १३०/२०८२-८३ | इञ्जिनियरिङ्ग, सिभिल, स्यानिटरी | खुला | | २ | २(दुई) |
| २ | १३१/२०८२-८३ | इञ्जिनियरिङ्ग, सिभिल, स्यानिटरी | मधेशी महिला | १ | | १(एक) |
| ३ | १३२/२०८२-८३ | इञ्जिनियरिङ्ग, सिभिल, स्यानिटरी | मधेशी | | १ | १(एक) |
| ४ | १३३/२०८२-८३ | इञ्जिनियरिङ्ग, सिभिल, स्यानिटरी | दलित महिला | १ | | १(एक) |
| ५ | १३४/२०८२-८३ | इञ्जिनियरिङ्ग, सिभिल, स्यानिटरी | मुस्लिम महिला | | १ | १(एक) |
| ६ | १३५/२०८२-८३ | कृषि, ला.पो.डे.डे. | खुला | | १ | १(एक) |
| | | कृषि, मत्स्य | | | १ | १(एक) |
| | | कृषि, भेटेरिनरी | | | १ | १(एक) |
| | | **जम्मा** | | | **३** | **३(तीन)** |

| क्र.सं. | विज्ञापन नम्बर | सेवा, समूह, उपसमूह | खुला र समावेशी | पुनः विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|---|
| ७ | १३६/२०८२-८३ | कृषि, भेटेरिनरी | मुस्लिम महिला | | १ | १(एक) |
| ८ | १३७/२०८२-८३ | स्वास्थ्य, हे.इ. (कोल्ड चेन असिस्टेन्ट पद) | खुला | | २ | २(दुई) |
| ९ | १३८/२०८२-८३ | स्वास्थ्य, हे.इ. (कोल्ड चेन असिस्टेन्ट पद) | मधेशी महिला | | १ | १(एक) |

**परीक्षाको किसिमः-** लिखित, प्रयोगात्मक र अन्तर्वार्ता।

**परीक्षा मितिः-**

| क्र.सं. | विज्ञापन नं. | सेवा/समूह/उप-समूह | तह | परीक्षा मिति | |
|---|---|---|---|---|---|
| | | | | प्रथम पत्र | द्वितीय पत्र |
| १ | ११९-१२९।२०८२-८३ | प्रशासन, सामान्य प्रशासन, लेखा | चौथौं (४) | २०८३।०१।०५ | |
| २ | १३०-१३४।२०८२-८३ | इञ्जिनियरिङ्ग, सिभिल, स्यानिटरी | चौथौं (४) | २०८३।०१।०७ | २०८३।०१।०८ |
| ४ | १३५-१३६।२०८२-८३ | कृषि, मत्स्य, ला. पो. एण्ड डे.डे, भेटेरीनरी | चौथौं (४) | २०८३।०१।०९ | २०८३।०१।१० |
| ५ | १३७-१३८।२०८२-८३ | स्वास्थ्य, हे.इ. (कोल्ड चेन असिस्टेन्ट पद) | चौथौं (४) | २०८३।०१।११ | २०८३।०१।१२ |

**परीक्षा केन्द्रः-** जनकपुरधाम।

**दरखास्त दस्तुरः-** सहायक चौथो तहको लागि रु.३००/- (तीन सय) र त्यस पछिका थप प्रत्येक किसिम/समूहका लागि रु.१५०/-(एक सय पचास) थप दस्तुर बुझाउनु पर्नेछ।

**दरखास्त दिने अन्तिम मितिः-** २०८२/१०/१४ र दोब्बर दस्तुर तिरी २०८२/१०/२१ सम्म

**उम्मेदवारको उमेरको हदः-** २०८२/१०/१४ सम्म १८ वर्ष उमेर पुरा भै पुरुष उम्मेदवारको हकमा ३५ वर्ष ननाघेको र महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको। इञ्जिनियरिङ्ग सेवा, कृषि सेवा, वन सेवा र स्वास्थ्य सेवाको हकमा ४० वर्ष ननाघेको । बहालवाला स्थायी निजामती कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** आयोगको अनलाईन दरखास्त प्रणालीबाट फाराम Submit गरेपछि My Application मा Click गरि All Application मा Click गर्ने त्यसपछि आफूले Apply गरेको विज्ञापनको Pay Button मा Click गर्ने, बैंक Option मा राष्ट्रिय बाणिज्य बैंक वा नेपाल बैंक लिमिटेड चयन गर्ने र Online/Offline Payment मध्ये कुनै एक Option छनौट गरी भुक्तानी गर्न सकिन्छ ।

Online Payment बाट दस्तुर भुक्तानी गर्नः राष्ट्रिय बाणिज्य बैंक वा नेपाल बैंक लिमिटेड छनौट गरिसकेपछि Online Payment Select गरि Next मा Click गर्ने त्यसपछि Connect IPS गरी रकम भुक्तानी गर्न सकिनेछ । Online Payment गर्ने उमेदवारहरुले तोकिएका वालेटहरु मध्ये कुनै एक प्रयोग गरी तत्कालै भुक्तानी गर्न सकिनेछ।

Offline बाट दस्तुर भुक्तानी गर्नः राष्ट्रिय बाणिज्य बैंक वा नेपाल बैंक लिमिटेड छनौट गरिसकेपछि Offline Payment चयन गरि Next मा Click गर्ने त्यसपछि Click here मा Click गरी भौचर डाउनलोड गरेर प्रिन्ट गरी सोही भौचर सहित सम्बन्धित बैंकमा गई तोकिएको रकम भुक्तानी गर्न सकिनेछ।

***कुनैपनि विज्ञापनमा एकपटक आवेदन दिईसकेपछि सोही विज्ञापनमा पुन: थप/घट गर्न वा दरखास्त सच्याउन सकिने छैन ।***

**दरखास्त दस्तुर बुझाउने अवधिः-** ढिलोमा २०८२/१०/२१ गतेसम्म तोकिएको परीक्षा दस्तुर वा दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ।

**अपलोड गर्नुपर्ने कागजातहरुः-** उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव (आयोगले तोकेको फारममा), व्यवसाय अनुमति प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारले आफ्नो फोटो, दस्तखत र नागरिकताको प्रमाणपत्र स्क्यान गरी JPG Format मा अपलोड गर्नु पर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ। अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मिति लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह सम्बन्धी।

**तलबः-** मधेश प्रदेश कानून बमोजिम।

**सेवा सम्बन्धी मन्त्रालयः-** सेवा, समूह, उपसमूहको प्रशासन सञ्चालन गर्न तोकिएको सम्बन्धित मन्त्रालय ।

**प्रदेश निजामती सेवा खुला तथा समावेशीको लागि आवश्यक न्यूनतम योग्यता र न्यूनतम शैक्षिक योग्यताः**

(अ) सहायक चौथौं तह (अप्राविधिक/प्राविधिक) (सेवा, समूह, उपसमूह):

प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा १६ बमोजिम अयोग्य नभएको हुनुका साथै देहाय अनुसारको न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनु पर्नेछ ।

१) **प्रशासन सेवा, सामान्य प्रशासन समूहः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण ।
२) **प्रशासन सेवा, लेखा समूहः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित वा ऐन स्रेस्ता वा ऐच्छिक लेखा विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण।
३) **इञ्जि सेवा, सिभिल समूह, स्यानिटरी उपसमुह (खा.पा.स.टे.):-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी खानेपानी तथा सरसफाई विषयमा तालिम प्राप्त वा सम्बन्धित विषयमा २ वर्षको अनुभव प्राप्त।
४) **कृषि सेवा, मत्स्य समूहः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम एक वर्षे जे.टी.ए.(कृषि वा पशु विज्ञान) विषयमा तालिम प्राप्त वा कृषि वा पशु विज्ञान विषय लिई टि.एस.एल.सी.उत्तीर्ण ।
५) **कृषि सेवा, भेटेरीनरी समूह**:- मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम एक वर्षे जे.टी.ए.पशु विज्ञान (पशु पालन, पशु स्वास्थ्य) तालिम प्राप्त वा कृषि (पशु पालन, पशु स्वास्थ्य) विषय लिई टि.एस.एल.सी. उत्तीर्ण ।
६) **कृषि सेवा, ला.पो. एण्ड डे.डे समूह**:- मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम एक वर्षे जे.टि.ए.(पशु विज्ञान, पशुपालन, पशु स्वास्थ्य) विषयमा तालिम प्राप्त वा कृषि(पशुपालन, पशु स्वास्थ्य) विषय लिई टि.एस.एल.सी. उत्तीर्ण।
७) **स्वास्थ्य सेवा, हेल्थ इन्सपेक्सन समूह (कोल्ड चेन असिस्टेन्ट पद)** :- मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व. वा सि.एम.ए. कोर्स उत्तीर्ण।

*नोटः मिति २०६९।८।२५ को राजपत्रमा प्रकाशित कृषि सेवाको लागि माथि विभिन्न प्रकरणमा विभिन्न समूहहरुका विभिन्न श्रेणीहरुका लागि तोकिएको शैक्षिक योग्यता यो सूचना प्रकाशन हुनुभन्दा अगाडि सेवा प्रवेश गरेका निजामती कर्मचारीहरुको हकमा लागू हुने छैन र त्यस्ता निजामती कर्मचारीहरुको हकमा साविक नियममा उल्लेखित व्यवस्था अनुसार नै हुनेछ ।*

**नोटः *ग्रेडिङ्ग पद्धतीबाट शैक्षिक योग्यता हासिल गरेको हकमा GPA 1.6 वा सोभन्दा माथिको ग्रेड प्वाइण्ट प्राप्त गरेको हुनुपर्नेछ ।***

**उम्मेदवारले पेश गर्नुपर्ने थप कागजात तथा अनुभव सम्बन्धमा विशेष निर्देशनः**

दरखास्त दिन चाहने उम्मेदवाहरुले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरु तयार गरी पेश गर्नुपर्दछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ। उल्लेखित कागजातहरु दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसकै समय दरखास्त रद्द हुन सक्नेछ।

समावेशी तर्फ दरखास्त दिन चाहिने उम्मेदवारहरुको लागि आवश्यक पर्ने थप कागजातहरु र अनुभवः

(क) **मधेशीको हकमाः** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात, तर प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात।
(ख) **दलितको हकमाः** राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।
(ग) **मुस्लिमको हकमाः** राष्ट्रिय मुस्लिम आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर, राष्ट्रिय मुस्लिम आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मुस्लिम भनी प्रमाणित गराएको कागजात।
(घ) **आदिवासी/जनजातिको हकमा:-** नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोहि सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएका जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।
(ङ) **थारुको हकमाः** राष्ट्रिय थारु आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर, राष्ट्रिय थारु आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट थारु भनी प्रमाणित गराएको कागजात।
(च) **अपाङ्गको हकमाः** समाज कल्याण परिषदबाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको वर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको **"क"** र **"ख" वर्गको अपाङ्गता** परिचयपत्र प्राप्त गरेको व्यक्तीलाई मात्र उपलब्ध गराइनेछ।

**नोटः प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ९ को उपदफा ११ बमोजिम आरक्षणको सुविधा एक व्यक्तिले सेवा अवधिभरमा एक पटक मात्र लिन पाउनेछ।**

**द्रष्टव्यः**

(क) अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरुको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ ।
(ख) दरखास्त दिने दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।
(ग) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।
(घ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधाममा सम्पर्क राख्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग वाध्य हुने छैन ।
(ङ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति तथा समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनि उल्लेख गरिएका काजगातहरुको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
(च) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ ।
(छ) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।
(ज) परीक्षा प्रयोजनका लागि आयोगबाट तोकिएका शर्त र निर्देशनको उम्मेदवारले पालना गर्नुपर्नेछ।
(झ) पाठ्यक्रममा उल्लेखित परीक्षा योजनाको विषयमा उम्मेदवार स्वयं जानकार हुनुपर्नेछ ।
(ञ) पाठ्यक्रम आयोगको वेबसाइट ppsc.madhesh.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

# प्रदेश लोक सेवा आयोग

## मधेश प्रदेश, जनकपुरधाम, नेपाल

### प्रदेश निजामती सेवाका अधिकृत सातौं तह (अप्राविधिक/प्राविधिक) पदको थप बढुवाको सूचना

सूचना नं. ८६/२०८२-८३ प्रकाशन मितिः २०८२/९/२४

बढुवाबाट पूर्ति गर्नुपर्ने देहायका पदहरुका लागि प्रदेश निजामती सेवा ऐन, २०७७ बमोजिम प्रदेश निजामती सेवाका सम्भाव्य उम्मेदवारहरुले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई दरखास्त दिनुहुन सूचना गरिन्छ । दरखास्त फाराम प्रदेश लोक सेवा आयोग, मधेश प्रदेशको वेबसाइट ppsc.p2.gov.np बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एकप्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेशगर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाई सक्नु पर्नेछ । म्याद नाघी प्राप्त हुने दरखास्त उपर कुनै कारबाही गरिने छैन । यसरी पर्न आएका दरखास्त फारामहरुलाई आयोगको कार्यालयले प्राप्त हुन आएको बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गर्नेछ ।

**उम्मेदवारहरुले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरुः**

(क) प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ३० बमोजिम बढुवाका लागि न्यूनतम योग्यता भएको र दफा ३१ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनु पर्नेछ ।
(ख) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफुले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।
(ग) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
(घ) दरखास्तसाथ सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा एक महिना वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
(ङ) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ ।
(च) दरखास्त दस्तुर अधिकृत सातौं तहको लागि रु.१,०००/- (एक हजार) बुझाउनु पर्नेछ ।
(छ) दरखास्त दस्तुर बुझाउने विधि र स्थानः प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधामको कार्यालय कोडः २१००११७०१२ तथा राजश्व शीर्षक नं.: १४२२४ (परीक्षा शुल्क) राखी राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, खाता नं.: १०००१००२०००१०००० वा नेपाल बैंक लिमिटेड, खाता नं.: २७१०२००००१००१००००१ मध्ये आफुलाई पायक पर्ने कुनै एक बैंकमा उम्मेदवारले आफ्नो नामबाट दरखास्त दस्तुर बुझाएको सक्कल बैंक भौचर प्रति संलग्न गरी दरखास्त पेश गर्नु पर्नेछ ।
(ज) दरखास्त दिने अन्तिम मितिः २०८२/१०/१४ र दोब्बर दस्तुर तिरी २०८२/१०/२१ सम्म

**अधिकृत सातौं तह (अप्राविधिक/ प्राविधिक)**

| क्र.सं. | बढुवा सूचना नं. | सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| १ | १३९/२०८२-८३ | प्रशासन, सामान्य प्रशासन | ३ (तीन) |
| २ | १४०/२०८२-८३ | प्रशासन, लेखा | १ (एक) |
| ३ | १४१/२०८२-८३ | वन, जनरल फरेष्ट्री | ३ (तीन) |
| ४ | १४२/२०८२-८३ | शिक्षा, शिक्षा प्रशासन | १ (एक) |

### प्रदेश निजामती सेवाका अधिकृत सातौं तह (अप्राविधिक/प्राविधिक) पदको थप खुला, समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

सूचना नं.: ८७/२०८२-८३ प्रकाशन मितिः २०८१/९/२४

प्रदेश निजामती सेवाका अधिकृत सातौं तहमा निम्न सेवा, समूह, उपसमूहका रिक्त पदहरुको खुला, समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ । तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको अनलाइन दरखास्त प्रणाली ppsconline.p2.gov.np मार्फत आवेदन दिनुपर्नेछ ।

| क्र.सं. | विज्ञापन नम्बर | सेवा, समूह, उपसमूह | खुला, समावेशी र अन्तर सेवा | पुनः विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|---|
| **अ) अप्राविधिक अधिकृत सातौं तह** | | | | | | |
| १ | १४३/२०८२-८३ | प्रशासन, सामान्य प्रशासन | खुला | | ४ | ४ (चार) |
| | | प्रशासन, लेखा | | | १ | १ (एक) |
| | | **जम्मा** | | | **५** | **५(पाँच)** |
| २ | १४४/२०८२-८३ | प्रशासन, सामान्य प्रशासन | मधेशी महिला | | १ | १ (एक) |
| ३ | १४५/२०८२-८३ | प्रशासन, सामान्य प्रशासन | मधेशी | | १ | १ (एक) |
| ४ | १४६/२०८२-८३ | प्रशासन, सामान्य प्रशासन | मुस्लिम | | १ | १ (एक) |
| ५ | १४७/२०८२-८३ | प्रशासन, सामान्य प्रशासन | अन्तर सेवा | | १ | १ (एक) |
| **आ) प्राविधिक अधिकृत सातौं तह** | | | | | | |
| १ | १४८/२०८२-८३ | इञ्जिनियरिङ्ग, सूचना प्रविधि | खुला | | १ | १ (एक) |
| २ | १४९/२०८२-८३ | इञ्जिनियरिङ्ग, सूचना प्रविधि | मधेशी महिला | १ | - | १ (एक) |
| ३ | १५०/२०८२-८३ | वन, जनरल फरेष्ट्री | खुला | | ५ | ५(पाँच) |
| ४ | १५१/२०८२-८३ | वन, जनरल फरेष्ट्री | मधेशी महिला | | १ | १ (एक) |
| ५ | १५२/२०८२-८३ | वन, जनरल फरेष्ट्री | मधेशी | | १ | १ (एक) |
| ६ | १५३/२०८२-८३ | वन, जनरल फरेष्ट्री | दलित | | १ | १ (एक) |
| ७ | १५४/२०८२-८३ | वन, जनरल फरेष्ट्री | अपाङ्ग महिला | | १ | १ (एक) |
| ८ | १५५/२०८२-८३ | वन, जनरल फरेष्ट्री | अन्तर सेवा | | १ | १ (एक) |
| ९ | १५६/२०८२-८३ | शिक्षा, शिक्षा प्रशासन | खुला | | १ | १ (एक) |

**परीक्षाको किसिमः** लिखित, प्रयोगात्मक र अन्तर्वार्ता ।

**परीक्षा मितिः**

| क्र.सं. | विज्ञापन नं. | सेवा/समूह/उप-समूह | तह | परीक्षा मिति | |
|---|---|---|---|---|---|
| | | | | प्रथम पत्र | द्वितीय पत्र |
| १ | १४३-१४७/२०८२-८३ | प्रशासन, सामान्य प्रशासन, लेखा | सातौं (७) | २०८३।०१।१९ | |
| २ | १४८-१४९/ २०८२-८३ | इञ्जिनियरिङ्ग, सूचना प्रविधि | सातौं (७) | २०८३।०१।१३ | २०८३।०१।१४ |
| ३ | १५०-१५५/२०८२-८३ | वन, जनरल फरेष्ट्री | सातौं (७) | २०८३।०१।१५ | २०८३।०१।१६ |
| ४ | १५६/२०८२-८३ | शिक्षा, शिक्षा प्रशासन | सातौं (७) | २०८३।०१।१७ | २०८३।०१।१८ |

**परीक्षा केन्द्रः** जनकपुरधाम।

**दरखास्त दस्तुरः** अधिकृत सातौं तहको लागि रु. १०००/- (एक हजार) बुझाउनु पर्नेछ र त्यस पछिका थप प्रत्येक किसिम/समूहका लागि रु.४००/-(चार सय) थप दस्तुर बुझाउनु पर्नेछ।

**दरखास्त दिने अन्तिम मितिः** २०८२/१०/१४ र दोब्बर दस्तुर तिरी २०८२/१०/२१ सम्म

**उम्मेदवारको उमेरको हदः** २०८२/१०/१४ सम्म २१ वर्ष उमेर पुरा भै पुरुष उम्मेदवारको हकमा ३५ वर्ष ननाघेको र महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको । इञ्जिनियरिङ्ग सेवा, कृषि सेवा, वन सेवा र स्वास्थ्य सेवाको हकमा ४० वर्ष ननाघेको । बहालवाला स्थायी निजामती कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः** आयोगको अनलाईन दरखास्त प्रणालीबाट फाराम Submit गरेपछि My Application मा Click गरि All Application मा Click गर्ने त्यसपछि आफूले Apply गरेको विज्ञापनको Pay Button मा Click गर्ने, बैंक Option मा राष्ट्रिय बाणिज्य बैंक वा नेपाल बैंक लिमिटेड चयन गर्ने र Online/Offline Payment मध्ये कुनै एक Option छनौट गरी भुक्तानी गर्न सकिन्छ ।

Online Payment बाट दस्तुर भुक्तानी गर्नः राष्ट्रिय बाणिज्य बैंक वा नेपाल बैंक लिमिटेड छनौट गरिसकेपछि Online Payment Select गरि Next मा Click गर्ने त्यसपछि Connect IPS गरी रकम भुक्तानी गर्न सकिनेछ । Online Payment गर्ने उमेदवारहरुले तोकिएका वालेटहरु मध्ये कुनै एक प्रयोग गरी तत्कालै भुक्तानी गर्न सकिनेछ।

Offline बाट दस्तुर भुक्तानी गर्नः राष्ट्रिय बाणिज्य बैंक वा नेपाल बैंक लिमिटेड छनौट गरिसकेपछि Offline Payment चयन गरि Next मा Click गर्ने त्यसपछि Click here मा Click गरी भौचर डाउनलोड गरेर प्रिन्ट गरी सोही भौचर सहित सम्बन्धित बैंकमा गई तोकिएको रकम भुक्तानी गर्न सकिनेछ ।

***कुनैपनि विज्ञापनमा एकपटक आवेदन दिइसकेपछी सोही विज्ञापनमा पुनः थप/घट गर्न वा दरखास्त सच्याउन सकिने छैन ।***

**दरखास्त दस्तुर बुझाउने अवधिः** ढिलोमा २०८२/१०/२१ गतेसम्म तोकिएको परीक्षा दस्तुर वा दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ।

**अपलोड गर्नुपर्ने कागजातहरुः** उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव (आयोगले तोकेको फारममा), व्यवसाय अनुमति प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारले आफ्नो फोटो, दस्तखत र नागरिकताको प्रमाणपत्र स्क्यान गरी JPG Format मा अपलोड गर्नु पर्नेछ । दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ। अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मिति लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः** सेवा, समूह सम्बन्धी।

**तलबः** मधेश प्रदेश कानून बमोजिम ।

**सेवा सम्बन्धी मन्त्रालयः** सेवा, समूह, उपसमूहको प्रशासन सञ्चालन गर्न तोकिएको सम्बन्धित मन्त्रालय ।

**प्रदेश निजामती सेवा खुला तथा समावेशीको लागि आवश्यक न्यूनतम योग्यता र न्यूनतम शैक्षिक योग्यताः**

अ) स्वास्थ्य सेवा वाहेकका सेवा तर्फ (अप्राविधिक/प्राविधिक) अधिकृत सातौं तह वा सो सरह (सेवा, समूह, उपसमूह):

प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा १६ बमोजिम अयोग्य नभएको हुनुका साथै देहाय अनुसारको न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनुपर्नेछ ।

१. प्रशासन, सामान्य प्रशासनः मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण भएको ।
२. प्रशासन, लेखाः मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा अर्थशास्त्र, गणित, तथ्याङ्कशास्त्र वा जनप्रशासनमध्ये कुनै एक मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण भएको ।
३. इञ्जिनियरिङ्ग, सूचना प्रविधिः कम्प्युटर इञ्जिनियरिङ्गमा स्नातक वा इलेक्ट्रोनिक इञ्जिनियरिङ्गमा स्नातक वा इलेक्ट्रिकल र इलेक्ट्रोनिक इञ्जिनियरिङ्गमा स्नातक वा इलेक्ट्रोनिक र कम्यूनिकेशन इञ्जिनियरिङ्गमा स्नातक तह उत्तीर्ण।
४. वन, जनरल फरेष्ट्रीः मान्यता प्राप्त शिक्षण संस्थावाट सिल्भिकल्चर, वनस्रोत मापन (फरेष्ट्र म्यान्सुरेसन), वन संरक्षण, वन अनुसन्धान, वन व्यवस्थापन र वन्यजन्तु संरक्षण मध्ये कम्तीमा तीन विषय लिई वन विज्ञानमा स्नातक वा सो सरह उत्तीर्ण।
५. शिक्षा, शिक्षा प्रशासनः मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षाशास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण ।

(बाँकी पृष्ठ १० मा)

# पूर्वमन्त्री विकको एकल सिफारिस

**कालीकोट समाचारदाता**
*कालीकोट, पुस २३ गते*

आगामी फागुन २१ गते हुने प्रतिनिधि सभाको प्रत्यक्षतर्फको निर्वाचनका लागि कालीकोट जिल्लाबाट नेकपा (माओवादी) का प्रवक्ता खड्गबहादुर विश्वकर्मा 'प्रकाण्ड' एकल उम्मेदवारमा सिफारिस हुनुभएको छ। विप्लव नेतृत्वको नेकपा (माओवादी) कालीकोट जिल्ला समितिको मङ्गलबार नरहरिनाथ गाउँपालिका–८, खुलालुमा बसेको विशेष बैठकले पार्टीका प्रवक्ता तथा पूर्वमन्त्री विश्वकर्मालाई एकल उम्मेदवार सिफारिस गरेको हो। विक श्रमजीवी जनताको प्रतिनिधित्व गर्ने राष्ट्रिय नेता, सहिद परिवार र कर्णालीमा माओवादी आन्दोलन विस्तार गर्ने प्रमुख नेता भएकाले प्रत्यक्षतर्फको एकल उम्मेदवारमा सिफारिस गरिएको सो पार्टीले जनाएको छ।

# विद्यालयलाई शैक्षिक सामग्री

**पञ्चकोशी समाचारदाता**
*पञ्चकोशी (दैलेख), पुस २३ गते*

लायन्स क्लब अफ दैलेखले खाद्यान्न तथा शैक्षिक सामग्री सहयोग गरेको छ। क्लबले नारायण नगरपालिका–७, किमुगाउँमा रहेको वसन्तमाला वेद विद्याश्रम धार्मिक विद्यालयलाई खाद्यान्न सहयोग गरेको हो। धार्मिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई करिब १० हजार बराबरको खाद्यान्न तथा शैक्षिक सामग्री क्लबले हस्तान्तरण गरेको लायन्स क्लब अफ दैलेखका अध्यक्ष राजुकुमार खत्रीले बताउनुभयो। उहाँले मानवीय सेवामा निरन्तर लाग्दै आइरहेकाले आगामी दिनमा पनि यस्ता काम गरिरहने बताउनुभयो। दैलेख उद्योग वाणिज्य सङ्घका अध्यक्ष नरेन्द्रबहादुर थापाले लायन्स क्लबप्रति धन्यवाद ज्ञापन गर्दै यस्ता खाले कार्यले धार्मिक विद्यालयमा रहेका बालबालिकालाई ठुलो राहत पुगेको बताउनुभयो।

# सिफारिसमै पर्दैनन् महिला

**बुलबुले समाचारदाता**
*सुर्खेत, पुस २३ गते*

आगामी फागुन २१ मा हुने प्रतिनिधि सभा सदस्यको निर्वाचनका लागि दलहरूले धमाधम उम्मेदवार छनोट गर्दै छन्। यतिबेला सबै जसो दलका तल्ला कमिटीबाट उम्मेदवार सिफारिस गर्ने प्रक्रिया चलिरहेको छ तर उम्मेदवार छनोटमा महिला उपेक्षामा परेको गुनासो भइरहेको छ। हालसम्म सिफारिस भएका उम्मेदवारको सूची हेर्दा महिलाको सङ्ख्या नगण्य रहेको एमालेकी केन्द्रीय सदस्य पद्मा खड्काले बताउनुभयो। समानुपातिकतर्फ महिला उम्मेदवार अनिवार्य गरिएकाले बाध्यात्मक भएर महिलाको नाम सिफारिस गरिएको तर प्रत्यक्षमा प्रायः पुरुषको नाम सिफारिस गरिएको छ।

नेकपा (एमाले) ले सुर्खेतका दुई वटै निर्वाचन क्षेत्रबाट पुरुष उम्मेदवार सिफारिस गरेको छ। क्षेत्र नं. १ बाट कुवकुमार शाही र क्षेत्र नं. २ बाट कुलमणि देवकोटाको एकल नाम सिफारिस गरिएको हो। जसले गर्दा प्रत्यक्षतर्फ महिला उम्मेदवार सिफारिसमा समेत अट्न सकेनन्। त्यसो त यसअघि पनि एमालेले दुवै क्षेत्रबाट पुरुष उम्मेदवार नै उठाउँदै आएको थियो। त्यसै गरी नेपाली कांग्रेसले पनि महिलालाई समेट्न नसकेको गुनासो भइरहेको छ। कांग्रेसले क्षेत्र नं. १ बाट पार्टी कार्यवाहक सभापतिसमेत रहनुभएका पूर्णबहादुर खड्काको एकल नाम सिफारिस गरेको छ। क्षेत्र नं. २ बाट छ जना सिफारिस हुँदा एक जना महिला सिफारिस गरिएको छ। निवर्तमान सांसद हृदयराम थानीसहित नारायण कोइराला, उपेन्द्र थापा, कलम खत्री, भीष्म हमाल र वसन्ती बस्नेत जिसीको नाम सिफारिस गरिएको हो।

एमाले र कांग्रेसले मात्रै होइन, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले पनि सुर्खेतका दुवै निर्वाचन क्षेत्रमा पुरुष उम्मेदवार बनाउने भएको छ। नेकपाले क्षेत्र नं. १ का लागि जितबहादुर राना र क्षेत्र नं. २ मा झकबहादुर मल्ललाई उम्मेदवार सिफारिस गरेको छ। दुवैको एकल नाम सिफारिस गर्दा महिला आकाङ्क्षी सिफारिसमै पर्न सकेनन्। सुर्खेतका साथसाथै अहिलेसम्म उम्मेदवार सिफारिस भइसकेका कर्णाली प्रदेशका सबै जसो क्षेत्रमा प्रमुख राजनीतिक दलहरूले पुरुषलाई नै अघि सारेका छन्। एमाले कर्णाली प्रदेश कमिटी अध्यक्ष गुलाबजङ्ग शाह सल्यानबाट एकल सिफारिस हुनुभएको छ भने दैलेखको क्षेत्र नं. १ को प्रतिनिधि सभा सदस्यको उम्मेदवारका लागि पाँच जना सिफारिस गर्दा चार पुरुष र एक महिला मात्र परेका छन्।

दैलेखको निर्वाचन क्षेत्र नं. २ मा उम्मेदवार छनोटका लागि एमालेले निर्वाचन गरेको थियो। प्रत्यक्षतर्फ चुनाव लड्ने उम्मेदवार छनोटका लागि भएको निर्वाचनमा चारै जना पुरुषबिच प्रतिस्पर्धा भएको थियो। जसबाट सर्वाधिक मतसहित विष्णु रिजाल सिफारिस हुनुभएको छ। यसरी सार्वजनिक भइरहेका उम्मेदवारको विवरण हेर्दा कर्णाली प्रदेशमा प्रत्यक्षतर्फको निर्वाचनमा महिला उम्मेदवार शून्य हुने देखिन्छ। प्रतिनिधि सभाको प्रत्यक्षतर्फको निर्वाचनमा महिलाले उम्मेदवार हुने चाहना गरे पनि दलले नै उम्मेदवारीका लागि टिकट नदिएको गुनासो महिला नेतृहरूको छ। नेतृत्व तहमा पुग्नका लागि ठुला राजनीतिक दलले महिलालाई स्थान नदिँदा सधैँ पछाडि परेको उहाँहरू बताउनुहुन्छ।

# क्षति भएका संरचना पुनर्निर्माण गरिने

**जाजरकोट समाचारदाता**
*जाजरकोट, पुस २३ गते*

जाजरकोट भूकम्पबाट क्षतिग्रस्त भएका विद्यालय भवन र स्वास्थ्य संस्था गरी २६ वटा संरचना कर्णाली प्रदेश सरकारले निर्माण गर्न लागेको छ। हालै कर्णाली प्रदेश सरकारको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले ती संरचना निर्माण गर्ने निर्णय गरेको हो।

विद्यालय र स्वास्थ्य संस्था सम्बन्धित स्थानीय पालिकाको सिफारिसका आधारमा निर्णय गरिने छ। पूर्वाधार विकास कार्यालय जाजरकोटका प्रमुख भूपेन्द्रप्रसाद जैसीले कुल १२ करोड ७० लाख रुपियाँको लागतमा ती संरचना निर्माण हुन लागेको जानकारी दिनुभयो। जाजरकोट जिल्लामा चालु आर्थिक वर्षमै सम्पन्न हुने गरी २१ वटा विद्यालय र पाँच वटा स्वास्थ्य संस्था निर्माण हुने उहाँले बताउनुभयो।

निर्माण हुन लागेका योजनामा भेरी नगरपालिकामा दुई वटा विद्यालय भवन, नलगाड नगरपालिकामा तीन वटा विद्यालय, छेडागाड नगरपालिकामा तीन वटा विदालय हुने छन्। यसै गरी बारेकोट गाउँपालिकामा चार वटा विद्यालय, कुसे गाउँपालिकामा दुई वटा विद्यालय, शिवालय गाउँपालिकामा दुई वटा विद्यालय र जुनीचाँदे गाउँपालिकामा पाँच वटा विद्यालय पुनर्निर्माण हुन लागेका छन्।

यसै गरी पाँच वटा स्वास्थ्य संस्थामा बारेकोट गाउँपालिकामा दुई वटा, भेरी नगरपालिकामा एउटा, छेडागाड नगरपालिकामा एउटा र कुसे गाउँपालिकामा एउटा पुनर्निर्माण हुने छन्। २०८० कात्तिक १७ गते जाजरकोटको रामीडाँडा केन्द्रविन्दु भई आएको भूकम्पबाट जाजरकोटमा निजी तथा सरकारी संरचनामा क्षति पुगेको थियो।

# तामाखानी उत्खनन गर्न स्थानीयको माग

**मुगु समाचारदाता**
*मुगु, पुस २३ गते*

मुगु जिल्लाको उत्तरी भेगको मुगमकार्मारोङ गाउँपालिकामा पर्ने डोल्फुको नाम्लाङखोला क्षेत्रमा रहेको प्राचीन तामाखानी अन्वेषण गरी उत्खनन गर्न पटक पटक माग गरे पनि सुनुवाइ भएको छैन। स्थानीय सरकारले सङ्घीय सरकारसँग तामाखानीको अन्वेषण तथा उत्खननका लागि पटक पटक माग गरिरहन्छ तर कुनै सुनुवाइ हुन सकेको छैन।

सङ्घीयता लागु भएपछि तामाखानीले मान्यता पाउने र उत्खनन हुने आशामा बसेका जनता सरकारले यसबारे पहल नगर्दा तामाखानी उत्खनन गर्ने सपनामा मात्र सीमित हुन पुगेको छ। मुगुमकार्मारोङ गाउँपालिकाका–१, डोल्फुगाउँदेखि पाँच घण्टा टाढा नाम्लाङखोला क्षेत्रको पालाङ्जे, इटिङ र थोङ्वा भन्ने तीन स्थानमा पूरै पहाड नै तामाखानी भएको स्थानीय बासिन्दा बताउँछन्। स्थानीय बासिन्दा टुन्डुल लामाले तामाखानीको अन्वेषण र उत्खननका लागि पटक पटका माग गर्दा पनि सङ्घीय सरकारले सुनुवाइ नगरेको बताउनुहुन्छ।

स्थानीय पाल्जुकार्मा लामाका अनुसार चार दशकपहिले डोल्फुगाउँका ५५ घरधुरीले खानीबाट तामाका डल्ला निकालेर विभिन्न भाँडा बनाएर जिल्लाका विभिन्न ठाउँमा बेच्ने गर्दथे। उहाँले तामाखानीको उत्खननबारे कुनै पहल नभएकोमा दुःखेसो पोख्नुभयो। उहाँका अनुसार यहाँ नाम्लाङखोला क्षेत्रमा जतातै तामाखानी छन्। छायानाथ रारा नगरपालिका–११ का स्थानीय सर्जन बुढाले पनि पहिले यहीँको तामा उत्खनन गरी दोल्फुका लामा जातिका मानिस स्थानीय परम्परागत प्रविधिबाट तामाका ताउला, गाग्री, हुँडा, खँड्कुला बनाउने गरेको बताउनुभयो। उहाँले त्यहीँको तामाबाट बनेका सामग्री मुगुलगायत हुम्ला, डोल्पा, कालीकोट र जुम्लामा बिक्री गर्ने गरेको स्मरण गर्नुभयो। त्यतिबेला मुगुका भोटेले स्थानीय तामाबाट बनाएका गाग्री अहिले आफ्ना घरमा पनि रहेको बताउँदै उहाँले यहाँको तामा भारतको तामाभन्दा अब्बल रहेको दाबी गर्नुभयो। कर्णाली प्रदेशकै सम्पत्ति भएकाले तामाखानी उत्खननमा प्रदेश र सङ्घीय सरकारले चासो नदिएको आरोप मुगुमकार्मारोङ गाउँपालिकाका अध्यक्ष छिरिङ क्याप्ने लामा लगाउनुहुन्छ। उहाँले मुगुको तामाखानीलाई राज्यले उत्खननमा प्राथमिकता नदिँदा जिल्लाका युवा रोजगारीबाट वञ्चित हुनुका साथै खानीबारे प्रचारप्रसार पनि नभएको जनाउनुहुन्छ। मुगुको तामाखानी उत्खनन गर्नमा सरकारले कुनै ध्यान दिएको छैन भन्दै उहाँले नभएको ठाउँमा मात्र सरकारको ध्यान जाने गरेको उल्लेख गर्नुभयो।

६० वर्षअगाडिको तत्कालीन समयमा तामा उत्खनन गरी स्थानीय प्रविधि अनुसार प्रशोधन गरी विभिन्न भाँडाकुँडा बनाउने र बेच्ने व्यवसाय बनिसकेको थियो। त्यसको केही पछि सरकारले तामा उत्खननमा रोक लगाएपछि दोल्फुका लामाको तामाबाट गरिखाने व्यवसाय नै सङ्कटमा परेको थियो। सन् १९७५ देखि सरकारले डोल्फुको तामाखानी उत्खननमा प्रतिबन्ध लगाएको स्थानीय समाजसेवी ग्याल्जो लामाले बताउनुभयो। गाउँपालिकाले पनि खानी अन्वेषण गरी उत्खननका लागि खानी तथा भूगर्भ विभागमा लिखित तथा मौखिक रूपमा आग्रह गर्दै आएको पालिकाले जनाएको छ। गत माघ ३ गते मुगमकार्मारोङ गाउँपालिकाका अध्यक्ष छिरिङ क्याप्ने लामाको नेतृत्वमा सङ्घीय सरकारमातहतमा रहेको खानी तथा भूगर्भ विभागका महानिर्देशक रामप्रसाद घिमिरेलाई भेटेर लिखित रूपमा खानी अन्वेषण गरी उत्खननको माग गरेको पालिकाका उपाध्यक्ष छिरिङ फुटिङ लामाले बताउनुभयो। उहाँका अनुसार महानिर्देशक घिमिरेले पनि तामाखानी अन्वेषणका लागि चालु आर्थिक वर्षमा बजेट व्यवस्था गरेर कार्यान्वयन गर्ने प्रतिबद्धता जनाउनुभएको थियो तर अहिलेसम्म कुनै पहल भएको छैन।

(पृष्ठ ९ को बाँकी)

(आ) अन्तर सेवाको लागिः

प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ९ को उपदफा (१७) मा व्यवस्था भए बमोजिम "पदपूर्ती हुने पदमा संघीय निजामती सेवा वा स्थानीय सेवाको एक श्रेणी वा तह मुनिको पदमा कम्तीमा सात वर्ष सेवा अवधी पुरा गरेका र पूर्ती हुने पदका लागि तोकिए बमोजिमको शैक्षिक योग्यता हासिल गरेका कर्मचारी उम्मेदवार हुन सक्नेछन् ।"

**उम्मेदवारले पेश गर्नुपर्ने थप कागजात तथा अनुभव सम्बन्धमा विशेष निर्देशनः**

दरखास्त दिन चाहने उम्मेदवाहरुले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरु तयार गरी पेश गर्नुपर्दछ । लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ । उल्लेखित कागजातहरु दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसकै समय दरखास्त रद्द हुन सक्नेछ ।

समावेशी तर्फ दरखास्त दिन चाहिने उम्मेदवारहरुको लागि आवश्यक पर्ने थप कागजातहरु र अनुभवः

(क) मधेसीको हकमाः प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात, तर प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात।

(ख) दलितको हकमाः राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

(ग) मुस्लिमको हकमाः राष्ट्रिय मुस्लिम आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर, राष्ट्रिय मुस्लिम आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मुस्लिम भनी प्रमाणित गराएको कागजात ।

(घ) अपाङ्गको हकमाः समाज कल्याण परिषदबाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको वर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको **"क"** र **"ख" वर्गको अपाङ्गता** परिचयपत्र प्राप्त गरेको व्यक्तीलाई मात्र उपलब्ध गराइनेछ।

**नोटः प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ९ को उपदफा ११ बमोजिम आरक्षणको सुविधा एक व्यक्तिले सेवा अवधिभरमा एक पटक मात्र लिन पाउनेछ ।**

**द्रष्टव्यः**

(क) अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरुको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ ।

(ख) दरखास्त दिने दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

(ग) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(घ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधाममा सम्पर्क राख्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग वाध्य हुने छैन ।

(ङ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति तथा समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनि उल्लेख गरिएका काजगातहरुको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(च) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ ।

(छ) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

(ज) परीक्षा प्रयोजनका लागि आयोगबाट तोकिएका शर्त र निर्देशनको उम्मेदवारले पालना गर्नुपर्नेछ।

(झ) पाठ्यक्रममा उल्लेखित परीक्षा योजनाको विषयमा उम्मेदवार स्वयं जानकार हुनुपर्नेछ ।

(ञ) पाठ्यक्रम आयोगको वेबसाइट ppsc.madhesh.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

## प्रदेश लोक सेवा आयोग

मधेश प्रदेश, जनकपुरधाम, नेपाल

**प्रदेश निजामती सेवाका सहायक पाँचौं (अप्राविधिक/प्राविधिक) पदको थप बढुवाको सूचना**

सूचना नं. ८८/२०८२-८३ — प्रकाशन मितिः २०८२/९/२४

बढुवाबाट पूर्ति गर्नुपर्ने देहायका पदहरुका लागि प्रदेश निजामती सेवा ऐन, २०७७ बमोजिम प्रदेश निजामती सेवाका सम्भाव्य उम्मेदवारहरुले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई दरखास्त दिनुहुन सूचना गरिन्छ । दरखास्त फाराम प्रदेश लोक सेवा आयोग, मधेश प्रदेशको वेबसाइट ppsc.madhesh.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एकप्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेशगर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाई सक्नु पर्नेछ। म्याद नाघी प्राप्त हुने दरखास्त उपर कुनै कारबाही गरिने छैन। यसरी पर्न आएका दरखास्त फारामहरुलाई आयोगको कार्यालयले प्राप्त हुन आएको बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गर्नेछ।

**उम्मेदवारहरुले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरुः**

(क) प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ३० बमोजिम बढुवाका लागि न्यूनतम योग्यता भएको र दफा ३१ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनु पर्नेछ ।

(ख) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफुले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

(ग) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(घ) दरखास्तसाथ सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा एक महिना वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

(ङ) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ ।

(च) दरखास्त दस्तुर सहायक पाँचौंको लागि रु.४००/- (चार सय) बुझाउनु पर्नेछ ।

(छ) दरखास्त दस्तुर बुझाउने विधि र स्थानः प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधामको कार्यालय कोडः २१००११७०१२ तथा राजश्व शीर्षक नं.: १४२२४ (परीक्षा शुल्क) राखी राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, खाता नं.: १०००१००२०००१०००० वा नेपाल बैंक लिमिटेड, खाता नं.: २७१०२००००००१००१००००००१ मध्ये आफुलाई पायक पर्ने कुनै एक बैंकमा उम्मेदवारले आफ्नो नामबाट दरखास्त दस्तुर बुझाएको सक्कल बैंक भौचर प्रति संलग्न गरी दरखास्त पेश गर्नु पर्नेछ ।

(ज) दरखास्त दिने अन्तिम मितिः २०८२/१०/१४ र दोब्बर दस्तुर तिरी २०८२/१०/२१ गते सम्म

**सहायक पाँचौं (अप्राविधिक/ प्राविधिक पद)**

| क्र.सं. | बढुवा सूचना नं. | सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| १ | १५७/२०८२-८३ | प्रशासन, सामान्य प्रशासन | २ (दुई) |
| २ | १५८/२०८२-८३ | वन, जनरल फरेष्ट्री | ३ (तीन) |

**प्रदेश निजामती सेवाका सहायक पाँचौं (अप्राविधिक/प्राविधिक) पदको थप खुला, समावेशी तथा अन्तर सेवा प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन**

सूचना नं.: ८९ /२०८२-८३ — प्रकाशन मितिः २०८२/९/२४

प्रदेश निजामती सेवाका सहायक पाँचौंमा निम्न सेवा, समूह, उपसमूहका रिक्त पदहरुको खुला, समावेशी तथा अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ । तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको अनलाइन दरखास्त प्रणाली ppsconline.p2.gov.np मार्फत आवेदन दिनुपर्नेछ ।

| क्र.सं. | विज्ञापन नम्बर | सेवा, समूह, उपसमूह | खुला, समावेशी र अन्तर सेवा | पुनः विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|---|
| अ) अप्राविधिक सहायक पाँचौं | | | | | | |
| १ | १५९/२०८२-८३ | प्रशासन, सामान्य प्रशासन | खुला | | १ | १ (एक) |
| २ | १६०/२०८२-८३ | प्रशासन, सामान्य प्रशासन | दलित | | १ | १ (एक) |
| आ) प्राविधिक सहायक पाँचौं | | | | | | |
| १ | १६१/२०८२-८३ | वन, जनरल फरेष्ट्री | खुला | | २ | २ (दुई) |
| २ | १६२/२०८२-८३ | वन, जनरल फरेष्ट्री | दलित महिला | | १ | १ (एक) |
| ३ | १६३/२०८२-८३ | वन, जनरल फरेष्ट्री | अन्तर सेवा | | १ | १ (एक) |

**परीक्षाको किसिमः** लिखित, प्रयोगात्मक र अन्तर्वार्ता ।

**परीक्षा मितिः**

| क्र.सं. | विज्ञापन नं. | सेवा/समूह/उप-समूह | तह | परीक्षा मिति | |
|---|---|---|---|---|---|
| | | | | प्रथम पत्र | द्वितीय पत्र |
| १ | १५९-१६०/२०८२-८३ | प्रशासन, सामान्य प्रशासन | पाँचौं (५) | २०८३।०१।२६ | |
| ३ | १६१-१६३/२०८२-८३ | वन, जनरल फरेष्ट्री | पाँचौं (५) | २०८३।०१।२० | २०८३।०१।२१ |

**परीक्षा केन्द्रः** जनकपुरधाम ।

**दरखास्त दस्तुरः** सहायक पाँचौंको लागि रु.४००/- (चार सय) र त्यस पछिका थप प्रत्येक किसिम/समूहका लागि रु.२००/-(दुई सय) थप दस्तुर बुझाउनु पर्नेछ।

**दरखास्त दिने अन्तिम मितिः** २०८२/१०/१४ र दोब्बर दस्तुर तिरी २०८२/१०/२१ गते सम्म ।

**उम्मेदवारको उमेरको हदः** २०८२/१०/१४ सम्म १८ वर्ष उमेर पुरा भै पुरुष उम्मेदवारको हकमा ३५ वर्ष ननाघेको र महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको । इञ्जिनियरिङ्ग सेवा, कृषि सेवा, वन सेवा र स्वास्थ्य सेवाको हकमा ४० वर्ष ननाघेको । बहालवाला स्थायी निजामती कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः** आयोगको अनलाईन दरखास्त प्रणालीबाट फाराम Submit गरेपछि My Application मा Click गरि All Application मा Click गर्ने त्यसपछि आफूले Apply गरेको विज्ञापनको Pay Button मा Click गर्ने, बैंक Option मा राष्ट्रिय बाणिज्य बैंक वा नेपाल बैंक लिमिटेड चयन गर्ने र Online/Offline Payment मध्ये कुनै एक Option छनौट गरी भुक्तानी गर्न सकिन्छ ।

Online Payment बाट दस्तुर भुक्तानी गर्नः राष्ट्रिय बाणिज्य बैंक वा नेपाल बैंक लिमिटेड छनौट गरिसकेपछि Online Payment Select गरि Next मा Click गर्ने त्यसपछि Connect IPS गरी रकम भुक्तानी गर्न सकिनेछ । Online Payment गर्ने उमेदवारहरुले तोकिएका वालेटहरु मध्ये कुनै एक प्रयोग गरी तत्कालै भुक्तानी गर्न सकिनेछ।

Offline बाट दस्तुर भुक्तानी गर्नः राष्ट्रिय बाणिज्य बैंक वा नेपाल बैंक लिमिटेड छनौट गरिसकेपछि Offline Payment चयन गरि Next मा Click गर्ने त्यसपछि Click here मा Click गरी भौचर डाउनलोड गरेर प्रिन्ट गरी सोही भौचर सहित सम्बन्धित बैंकमा गई तोकिएको रकम भुक्तानी गर्न सकिनेछ।

***कुनैपनि विज्ञापनमा एकपटक आवेदन दिइसकेपछी सोही विज्ञापनमा पुनः थप/घट गर्न वा दरखास्त सच्याउन सकिने छैन ।***

**दरखास्त दस्तुर बुझाउने अवधिः** ढिलोमा २०८२/१०/२१ गतेसम्म तोकिएको परीक्षा दस्तुर वा दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ।

**अपलोड गर्नुपर्ने कागजातहरुः** उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव (आयोगले तोकेको फारममा), व्यवसाय अनुमति प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारले आफ्नो फोटो, दस्तखत र नागरिकताको प्रमाणपत्र स्क्यान गरी JPG Format मा अपलोड गर्नु पर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ। अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मिति लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः** सेवा, समूह सम्बन्धी।

**तलबः** मधेश प्रदेश कानून बमोजिम।

**सेवा सम्बन्धी मन्त्रालयः** सेवा, समूह, उपसमूहको प्रशासन सञ्चालन गर्न तोकिएको सम्बन्धित मन्त्रालय।

**प्रदेश निजामती सेवा खुला तथा समावेशीको लागि आवश्यक न्यूनतम योग्यता र न्यूनतम शैक्षिक योग्यताः**

प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा १६ बमोजिम अयोग्य नभएको हुनुका साथै देहाय अनुसारको न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनु पर्नेछ।

(अ) सहायक पाँचौं तह (अप्राविधिक/प्राविधिक) (सेवा, समूह, उपसमूह) को न्यूनतम शैक्षिक योग्यता:

१. प्रशासन सेवा, सामान्य प्रशासन समूहः मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।

२. वन सेवा, जनरल फरेष्ट्री समूहः मान्यता प्राप्त शिक्षण संस्थाबाट सिल्भिकल्चर, वनस्रोत मापन (फरेष्ट मेन्सुरेशन) र वन व्यवस्थापन मूल विषय लिई वन विज्ञानमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।

(आ) अन्तर सेवाको लागिः

प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ९ को उपदफा (१७) मा व्यवस्था भए बमोजिम "पदपूर्ती हुने पदमा संघीय निजामती सेवा वा स्थानीय सेवाको एक श्रेणी वा तह मुनिको पदमा कम्तीमा सात वर्ष सेवा अवधी पुरा गरेका र पूर्ती हुने पदका लागि तोकिए बमोजिमको शैक्षिक योग्यता हासिल गरेका कर्मचारी उम्मेदवार हुन सक्नेछन्।"

**उम्मेदवारले पेश गर्नुपर्ने थप कागजात तथा अनुभव सम्बन्धमा विशेष निर्देशनः**

दरखास्त दिन चाहने उम्मेदवाहरुले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरु तयार गरी पेश गर्नुपर्दछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ। उल्लेखित कागजातहरु दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसकै समय दरखास्त रद्द हुन सक्नेछ।

समावेशी तर्फ दरखास्त दिन चाहिने उम्मेदवारहरुको लागि आवश्यक पर्ने थप कागजातहरु र अनुभवः

(क) दलितको हकमाः राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

**नोटः प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ९ को उपदफा ११ बमोजिम आरक्षणको सुविधा एक व्यक्तिले सेवा अवधिभरमा एक पटक मात्र लिन पाउनेछ।**

**द्रष्टव्यः**

(क) अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरुको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ।

(ख) दरखास्त दिने दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

(ग) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

(घ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधाममा सम्पर्क राख्नु पर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग वाध्य हुने छैन।

(ङ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति तथा समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनि उल्लेख गरिएका काजगातहरुको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

(च) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ।

(छ) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

(ज) परीक्षा प्रयोजनका लागि आयोगबाट तोकिएका शर्त र निर्देशनको उम्मेदवारले पालना गर्नुपर्नेछ।

(झ) पाठ्यक्रममा उल्लेखित परीक्षा योजनाको विषयमा उम्मेदवार स्वयं जानकार हुनुपर्नेछ।

(ञ) पाठ्यक्रम आयोगको वेबसाइट https://ppsc.madhesh.gov.np बाट प्राप्त गर्न सकिनेछ।

**सहायक पाँचौ तह (प्राविधिक)पदको पदसंख्या संशोधन सम्बन्धी सूचना**

सूचना नं. ९०/२०८२-८३ — प्रकाशन मितिः २०८२।९।२४ गते

यस आयोगको मिति २०८२।८।२५ गते सूचना नं. ६६/२०८२-८३ मा प्रकाशित तपसिलको विज्ञापनमा आयोगको मिति २०८२।९।२३ गतेको निर्णयानुसार देहाय बमोजिम पदसंख्या संशोधन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विज्ञापन सूचना नं. | विज्ञापन नं. | सेवा, समूह, तह | किसिम | विज्ञापित पदसंख्या | कायम हुने पदसंख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ६६/२०८२-८३ | ११५/२०८२-८३ | शिक्षा, शिक्षा प्रशासन, सहायक पाँचौ तह | खुला | १(एक) | २(दुई) | पदसंख्या संशोधन |